# सियारी गाउँपालिका
# गाउँकार्यपालिकाको कार्यालय,
## हर्नैया, रुपन्देही ।
### सामाजिक सुरक्षा तथा पञ्जिकरण इकाई

१. व्यक्तिगत घटना दर्ता के हो र किन अनिवार्य दर्ता गराउनु पर्छ ।

- व्यक्तिगत घटना दर्ता भन्नाले प्रत्येक व्यक्तिको जीवनमा जन्म, मृत्यु, विवाह, सम्बन्ध विच्छेद तथा बसाईसराई जस्ता व्यक्तिगत घटना घटेको हुन्छ । त्यस्ता घटने घटनाहरुलाई सम्बन्धित व्यक्तिले आफ्नो स्थायी ठेगाना रहेको वडा कार्यालयमा दर्ता गराउने कार्य हो ।
- व्यक्तिगत घटना दर्ता गर्न पाउनु प्रत्येक व्यक्तिको नैसर्गिक अधिकार हो । यो व्यक्ति पहिचानको पहिलो कानुनी आधार भएकोले सरकारले अनिवार्य गरेको हुदाँ व्यक्तिगत घटना दर्ता गराउनु नागरिकको कर्तव्य हो । व्यक्तिगत घटना घटेको ३५ दिनभित्र निःशुल्क रुपमा दर्ता गर्न। गराउन सकिन्छ ।
- यसबाट राज्यको कुल जनसंख्याको अद्यावाधिका र जनसांख्यिक वितरणको अवस्था र तथ्यांकको जानकारी सही रुप/ सही समयमा प्राप्त गर्न सकिन्छ ।

२. व्यक्तिगत घटना दर्ता गर्न कसलाई सूचक राख्न सकिन्छ ।

- राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण ऐन २०७६ को दफा १८ अनुसार देहायको अवस्थामा देहायका व्यक्तिले व्यक्तिगत घटना दर्ता गराउनको लागि त्यस्तो घटना घटेको ३५ दिन भित्र तोकिए बमोजिमको फाराम भरी स्थानिय पञ्जिकाधिकारीको कार्यालयमा सूचना गर्नु पर्नेछ ।
    - जन्मको सूचना बाबु र आमा वा बाबु र आमा संगै उपस्थित हुन नसकेको खण्डमा बाबु वा आमाले र निजहरुको अनुपस्थितिमा परिवारको अठार वर्ष उमेर पुगेको व्यक्तिले,
    - मृत्युको सूचना बाबु, आमा, पति, पत्नि, छोरा वा छोरी र निजको अनुपस्थितिमा परिवारको अठार वर्ष उमेर पुगेको व्यक्तिले,
    - विवाहको सूचनापति पत्नि दुवैले
    - सम्बन्ध विच्छेदको सूचना सम्बन्ध विच्छेद भएको सम्बन्धित व्यक्ति मध्ये कुनै एकले
    - बसाईसराईको सूचना परिवारको अठार वर्ष उमेर पुगेको व्यक्तिले
- व्यक्तिगत घटना दर्ता नेपाल बाहिर घटेको भए माथि उल्लेखित सुचना दिनु पर्ने कर्तव्य भएको व्यक्तिले ३५ दिन भित्र सम्बन्धित नियोग वा नेपाल आउपछि ३५ दिन भित्र स्थानिय पञ्जाधिकारीको कार्यालयमा सूचना दिनु पर्नेछ
- व्यक्तिगत घटना दर्ताको सुचना दिने कर्तव्य भएको व्यक्तिले त्यस्तो सूचना दर्ता गराउनको लागि कुनै व्यक्तिलाई अधिकृत वारेसनामा दिन सक्नेछ ।

३. व्यक्तिगत घटना दर्ताको अभिलेख नभएको कसरी प्रतिलिपी। नक्कल दिन सकिन्छ ।

- राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण नियमावलीको नियम २१ को उपनियम ४ अनुसार प्रतिलिपीको लागि परेको निवेदन सम्बन्धि व्यक्तिगत घटना दर्ताको अभिलेख फेला नपारेमा वा नष्ट भएको प्रमाणित भएको अवस्थामा स्थानिय पञ्जिकाधिकारीले देहाय बमोजिमको प्रक्रिया पुरा गरी अभिलेख फेला नपरेको वा नष्ट भएको कारण खुलाई व्यक्तिगत घटना दर्ता प्रमाणपत्रको नक्कल दिन सक्नेछ ।
    - व्यक्तिगत घटना दर्ताको सुचना फाराम वा प्रमाणपत्र अन्यत्र कुनै नियकामा रहेको भए सो फारामको आधारमा अभिलेख खडा गर्ने,

- सूचना फाराम, प्रमाणपत्र वा अन्य कुनै प्रमाण प्राप्त नभएमा व्यक्तिगत घटना दर्ताको नयाँ सूचना फाराम भर्न लगाई सो सूचना फाराममा सूचकलाई सनाखत गर्न लगाउने र सोको आधारमा अभिलेख खडा गर्ने
- माथि उल्लेखित भए अनुसार व्यक्तिगत घटना दर्ता प्रमाणपत्रको नक्कल दिदाँ थप पुष्टयाई आवश्यक देखिएमा स्थानिय पञ्जिकाधिकारीले त्यस्तो व्यक्तिसंग आफैले सोधपुछ गरी स्थानिय वडा का जनप्रतिनिध सहित कम्तिमा पाच जना नेपाली नागरिकबाट सर्जमिन गराउन सक्ने व्यवस्था रहेको देखिन्छ ।

४. व्यक्तिगत घटना दर्ता गराउन स्थानियतह वडा कार्यालयको दायित्व केके रहन्छ ।

- सबे प्रकारका व्यक्तिगत घटनादर्ता गराउदाँ व्यक्तिलाई सुचना फाराम भर्न लगाउने,
- आवश्यक कागजात माग गरी रजु गर्ने,
- अभिलेख राख्ने तथा प्रमाणपत्र जारी गर्ने
- मासिक, चौमासिक, अर्धबार्षिक तथा बार्षिक प्रतिवेदनहरु तयार गरि मातहतको निकायमा पेश गर्ने
- आवश्यक अन्य कार्यहरु गर्ने दायित्व वडा कार्यालयको हुनेछ

<u>जन्म दर्ता</u>

५. जन्म दर्ता गर्न आवश्यक कागजातहरु के के हुन ।

- आमा र बाबुको नागरिकताको प्रतिलिपी,
- स्वास्थ्य संस्थामा जन्म भएको भए उक्त संस्थाबाट जारी गरीको जन्म प्रतिवेदन
- घरमा जन्म भएको हकमा खोप लगाएको कार्ड (राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण नियमावली २०७७ को नियम २० को उपनियम ३ )
- थप बुझ्नुपर्दा वडा सर्जमिन मुचुल्क
- अनुसूची १० बमोजिम सूचना फाराम

६. आमा विदेशी भएको हकमा व्यक्तिगत घटना दर्ता कसरी गर्न सकिन्छ ।

- राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण नियमावलीको नियम १८ मा नेपालमा रहेका विदेशीको कुनै व्यक्तिगत घटना दर्ता गर्ने पर्ने भएमा निजको राहदानि वा राष्ट्रियता खुलेको प्रमाण, व्यक्तिगत घटना भएको प्रमाणीत हुने कागजात वा विवरण र नेपालमा कुटनितिक नियोग रहेको मुलुकको विदेशी नागरिक भए त्यस्तो नियोगको सिफारिस समेत संलग्न राखि निवेदक बसोबास गरेको स्थानको स्थानिय पञ्जिकाधिकारी समक्ष निवेदन आएमा आवश्यक जाचँबुझ गरि व्यक्तिगत घटना दर्ता गर्नुपर्ने हुन्छ ।

७. विदेशमा जन्मिएको बच्चाको जन्म दर्ता कसरी गर्न सकिन्छ ।

- ऐनको दफा दफा १८ को उपदफा २ अनुसार विदेशमा बच्चा जन्मिएमा सम्बन्धि देशमा रहेको नेपाली दुतावासबाट उक्त बच्चा जन्मिएको प्रमाण प्रमाणित गरी नेपाल आएको ३५ दिन भित्र स्थायी ठेगाना रहेको स्थानिय वडामा गई दर्ता गराउन सकिन्छ ।

८. कारागारमा जन्मिएको बच्चाको जन्म दर्ता सम्बन्धि व्यवस्थाः

- राष्ट्रिय परिचयपत्र तथा पञ्जिकारण नियमावली २०७७ को नियम १६ को उपनियम १३ अनुसार प्रचलित कानुन बमोजिम कारागारमा सजाय भोगी रहेको महिलाबाट कारागारमा जन्मेको बच्चाको जन्म दर्ताको लागि सम्बन्धित कारागार कार्यालय मार्फत सूचना दिन सकिनेछ र यसरी सूचना दिइएकोमा कारागार कार्यालयको प्रमुखले त्यस्तो सूचना फाराम प्रमाणित गरी सम्बन्धित पञ्जिकाधिकारीको कार्यालयमा पठाउनुपर्नेछ । यस बच्चाको जन्म दर्ताको लागि विवरण प्रमाणि भई आएमा सम्बन्धित व्यक्तिको स्थायी ठेगाना रहेको स्थानिय पञ्जिकाधिकारीले त्यस्तो बच्चाको जन्म दर्ता गर्नु पर्नेछ । (राष्ट्रिय परिचयपत्र तथा पञ्जिकारण नियमावली २०७७ को नियम १७ को उपनियम ६)

९. धर्म पुत्र वा धर्मपुत्रीको जन्म दर्ता सम्बन्धि व्यवस्थाः

- राष्ट्रिय परिचयपत्र तथा पञ्जिकारण नियमावली २०७७ को नियम २५ अनुसार प्रचलित कानुन बमोजिम धर्मपुत्र वा धर्मपत्री राख्ने व्यक्तिले जन्म दर्ताको लागि स्थानिय पञ्जिकाधिकारीको कार्यालयमा अनुसूची २७ बमोजिमको ढाचाँमा पति,पत्नि दुवैको तर्फबाट धर्मपुत्र वा धर्मपुत्री राखिएकोमा दुवै उपस्थित भै सूचना दर्ता गर्नु पर्नेछ ,यसरी सूचना दर्ता भएपछि स्थानिय पञ्जिकाधिकारीले आवश्यक जाचँबुझ गरी उपयुक्त देखिएमा अनुसूची २८ बमोजिमको दर्ता किताबमा अभिलेख राखि अनुसूची २९ बमोजिमको प्रमाणपत्र जारी गर्नपर्ने व्यवस्था रहेता पनि मुलुकी देवानी संहिता २०७४ को परिच्छेद ८ मा रहेको धर्मपुत्र वा धर्मपत्री सम्बन्धि व्यवस्था तथा परिच्छेद ९ मा रहेको अन्तरदेशीय धर्मपत्र वा धर्मपत्री सम्बन्धि व्यवस्था समेतलाई ख्याल गरि धर्मपुत्र धर्मपत्रीको जन्म दर्ता गर्दा स्थानिय पञ्जिकाधिकारीले अनिवार्य तपसिलको कागजातहरु खोज्नु पर्ने देखिन्छ ।
    - धर्मपुत्र वा धर्मपुत्री राख्ने सम्बन्धि अदालतले दिएको अनुमतिपत्र तथा निर्णयको प्रतिलिपी
    - अनुसूची २७ बमोजिमको ढाचाँमा निवेदन
    - धर्म बाबु,धर्म आमाको नामरिकता प्रमाणपत्रको प्रतिलिपी
    - विदेशी भएमा बाबु आमाको राहदानी प्रमाणपत्रको प्रतिलिपी

१०. अनाथ वा असहाय बालबालिकाको जन्म दर्ता सम्बन्धि व्यवस्थाः

- राष्ट्रिय परिचयपत्र तथा पञ्जिकारण नियमावली २०७७ को नियम १६ को उपनियम २ मा जन्मको सूचना दिने कर्तव्य भएको व्यक्ति नभएको अवस्थामा सम्बन्धित व्यक्तिको प्रचलित कानुन बमोजिमको संरक्ष वा माथवरले वा त्यस्तो व्यक्ति नभएको स्थानिय तहको सम्बन्धित वडाको वडा अध्यक्षले सूचकको रुपमा स्थानिय पञ्जिकाधिकारीको कार्यालयमा सूचना दिई अनाथ वा असहाय बालबालिकाको जन्म दर्ता गराउन सक्नेछन ।

११. बाल विवाह वा बहुविवाहबाट बच्चा जन्मिएमा बच्चाको जन्म दर्ता सम्बन्धि व्यवस्थाः

- बाल विवाह तथा बहुविवाह स्वतः बदर हुने विवाह हुन ।
- राष्ट्रिय परिचयपत्र तथा पञ्जिकारण ऐन २०७६ को दफा २१ को उपदफा ३ अनुसार कुनै कुराले स्वतः बदर हुने विवाहको परिमाणबाट जन्मिएका शिशुको जन्म दर्ता गर्नु पर्ने विषयलाई प्रतिकुल असर पार्ने छैन ।
- यस हेर्दा बाल विवाह वा बहु विवाह तथा अन्य स्वतः बदर हुने विवाह तथा विवाह बदर गराएमा विवाहको परिमाण स्वरुप जन्मि सकेको वा कुनै पुरुषसंगको शारिरिक सम्पर्कबाट महिलाले गर्भधारण गरी शिशु जन्मिएको प्रमाणित भएको अवस्थामा बच्चाको जन्म दर्ता गरि दिदाँ कुनै प्रतिकुल असर पर्नेछैन । त्यस्ता प्रकारको जन्म दर्ता गराउदाँ तपसिलको कागजातहरु आवश्यक संग्लन गराउनु पर्ने देखिन्छ ।
    - आमा बाबु दुवै सूचना भै भरेको अनुसूची १० बमोजिमको सूचना फाराम
    - बाबु,आमा दुवैको नागरिकता प्रमाणपत्र वा राष्ट्रियता खुल्ने अन्य प्रमाण
    - शिशु जन्मेको प्रमाणित गर्ने अधिकारी निकायको प्रमाणपत्र जस्तौ स्वस्थ्य संस्थाबाट जारी जन्म प्रतिवेदन वा प्रहरी रिपोट आदि
    - आवश्यकता अनुसार अन्य कागजातहरु

१२. वि.स.२०६३ सालमा जन्मको आधारमा नेपाली नागरिकता प्रमाणपत्र प्राप्त गरेका नेपाली नागरिकका सन्तानहरुको जन्म दर्ता गर्ने सम्बन्धि व्यवस्था

- सघिंय मामिला तथा स्थानिय विकास मन्त्रालयको चं.नं.८११,मिति २०७०।१।२२ को परिपत्रले २०६३ सालमा जन्मको आधारमा नागरिकता प्रमाणपत्र प्राप्त गरेका नेपाली नागरिकका सन्तानहरुको जन्म दर्ता गर्न आधार प्रदान गरेको देखिन्छ । जन्म दर्ता गर्न सकिन्छ ।

## ख. विवाह दर्ताः

१३. विवाह दर्ताः

- प्रचलित कानुन बमोजिम २० वर्ष उमेर पूरा भई बैवाहिक सम्बन्ध कायम भएका पुरुष र महिलाले स्थानिय पञ्जिकाधिकारीको कार्यालयमा पति पत्निको रुपमा स्वीकार गरी गरिएको घटना दर्ता नै विवाह दर्ता हो ।

१४. विवाह दर्ता गर्न आवश्यक कागजातहरुः

- दुलाह, दुलाहीको नागरिकता प्रमाणपत्रको प्रतिलिपी वा राष्ट्रियता खुल्ने कागज
- दुलाहा , दुलाही दुवैको हालै खिचेको पार्सपोर्ट साइज फोटो २ थान
- यदि अदालतबाट नाता कायम भएको अवस्थामा वा दुलाहा वा दुलाहीमध्ये कुने एक नभएमा अदालतबाट भएको नाता कायमको कागत पेश गर्नुपर्नेछ ।

१५. विवाह दर्ताको सूचकः

- राष्ट्रिय परिचयपत्र तथा पञ्जिकारण ऐन २०७६ को दफा १८ को उपदफा १ को खण्ड ग अनुसार विवाहको सूचक पति , पत्नि दुवै
- राष्ट्रिय परिचयपत्र तथा पञ्जिकारण ऐन २०७६ को दफा १८ को उपदफा ३ अनुसार पति पत्नि मध्ये कुनै एक उपस्थित हुन नसकेमा अनुपस्थित भएको पक्षको अधिकृत वारिसनामा लिई विवाह दर्ता दर्ता गराउन सकिन्छ ।

१६. विवाह दर्ता नभई पति वा पत्नि वेपत्ता भएमा विवाह दर्ता गर्ने सम्बन्धि व्यवस्थाः

- राष्ट्रिय परिचयपत्र तथा पञ्जिकारण नियमावलीको नियम १७ को उपनियम ४ मा अनुसार व्यक्ति बेपत्ता भएको वा नाता कायम भएको अवस्थामा व्यक्तिगत घटना दर्ता गर्नु पर्ने अवस्था भएमा सम्बन्धित निकायबाट त्यस्तो व्यहोरा प्रमाणित भए पछी मात्र स्थानिय पञ्जिकाधिकारीले अन्य रित पुर्याई व्यक्तिगत घटना दर्ता गर्नु पर्नेछ ।
- माथि उल्लेखित व्यवस्थाको आधारमा विवाह दर्ता नभई पति वा पत्नि वेपत्ता भएमा अदालतबाट पति पत्निको नाता कायम भएको निर्णयको आधारमा विवाह दर्ता गराउन सकिन्छ ।

१७. पति वा पत्निले विवाह दर्ता गर्न इन्कार गरेमा विवाह दर्ता गर्ने सम्बन्धि व्यवस्थाः

- कसैले विवाह दर्ता गर्न इन्कार गरेमा, पति वा पत्नि मध्ये पीडितले जिल्ला अदालतमा उपस्थित भई पति पत्निको नाता कायम गरी पाउ भनि निवेदन दिनुपर्नेछ । सो निवेदनको आधारमा अदालतले गरेको निर्णय अनुसार विवाह दर्ता गर्न सकिन्छ ।

१८. विदेशी नागरिक र नेपाली नागरिक बीच भएको विवाह सम्बन्धमा भएको व्यवस्थाः

- मिति २०७८।११।४ गते नेपाल राजपत्रमा प्रकाशित राष्ट्रिय परिचयपत्र तथा पञ्जिकारण ( पहिलो संसोधान) नियमावली २०७८ ले गरेको संसोधान अनुसार विदेशी र नेपाली नागरिक बीच विदेशमा भएको विवाह दर्ता गर्नु परेमा विवाह भएको मुलुकको प्रचलित कानुन बमोजिम विवाह भएको दर्ता प्रमाणपत्र र कन्सुलर सेवा विभाग वा नेपाल स्थित सम्बन्धित मुलुकको कुटनीतिक नियोग वा सम्बन्धित मुलुकमा रहेको कुटनीतिक नियोगबाट भएको प्रमाणिकरण सहित यस नियम बमोजिम सूचना दिनु पर्नेछ ।
    - तर नेपाल प्रवेश गर्न भिस आवश्यक नपर्ने मुलुकको महिला र नेपाली नागरिकबीच भएको विवाहको हकमा विवाह भएकव यकिन हुने प्रमाण राखी सूचना दिन सकिनेछ र यसरी सूचना दिइएकोमा सम्बन्धित स्थानिय पञ्जिकाधिकारीले विवाह भएको यकिन गरी विवाह दर्ता गरिदिन सक्नेछ ।भनिएको देखिन्छ
- यस हर्दा तपसिलको कागजात सहित पेश हुन आएमा विदेशी नागरिक र नेपाली नागारिक बीच विवाह दर्ता गर्न सकिने देखिन्छ ।
    - नेपाल प्रवेश गर्न भिसा आवश्यक पर्ने मुलुकको महिला र नेपाली नागरिकबीच भएको मुलुकमा भएको विवाहको हकमा विवाह दर्ता गर्नु परेमा मुलुकको प्रचलित कानुन बमोजिम विवाह भएको दर्ता प्रमाणपत्र र कन्सुलर सेवा विभाग वा नेपाल स्थित सम्बन्धित मुलुकको कुटनीतिक नियोग वा सम्बन्धित मुलुकमा रहेको कुटनीतिक नियोगबाट भएको प्रमाणिकरण कागजात र अदालतबाट भएको दर्ता विवाहको प्रमाणपत्र वा नाता कायमको प्रमाणपत्र तथा निर्णयको प्रतिलिपी

- नेपाल प्रवेश गर्न भिसा आवश्यक नपर्ने मुलुकको महिला र नेपाली नागरिकबीच भएको मुलुकमा भएको विवाहको हकमा विवाह दर्ता गर्नु परेमाविवाह भएको यकिन हुने कागजात
- नेपाली नागरिकता प्रमाणपत्र तथा राष्ट्रिय खुल्ने अन्य कागजात
- अनसूची १२ बमोजिमको सूचना
- दुलाहा ,दुलाही दुवैको हालै खिचेको पार्सपोर्ट साइज फोटो २ थान

१९. बाल विवाह वा बहुविवाह दर्ता गर्ने सम्बन्धि व्यवस्था

- मुलुकी देवानी संहिता २०७४ ले मिति २०७५।५।१ गतेपछि भएको बाल विवाह तथा बहु विवाह कानुनतः स्वतः बदर हुने हुदाँ विवाह दर्ता गर्न मिल्दैन ।
  - बाल विवाह गरेका केटा केटी दुवै उमेर २० बर्ष पुरा भएपछि विवाह मञ्जुर गरी आएमा विवाह दर्ता गर्न सकिन्छ ।
  - केन्द्रिय पञ्जिकारण विभागको मिति २०७५।७।२८, चं. नं. १९४ को निर्देशन कार्यन्वय गर्न सम्बन्धमा प्राप्त पत्र साथ संलग्न राखिएको कानुन न्याय तथा संसदीय मामिला मन्त्रालयको मिति २०७५।६।२४, चं.नं. १८ को कानुनी राय सम्बन्धको पत्र अनुसार मिति २०७५ भाद्र १ गते भन्दा अगाडिको बाल विवाह र बहु विवाहको हकमा त्यस्तो व्यहोरा प्रमाणित भएमा दर्ता गर्न मिल्छ ।
  - मिति २०७५।५।१ गतेपछि भएको बाल विवाह तथा बहु विवाह कानुनतः स्वतः बदर हुने हुदाँ विवाह दर्ता गर्न मिल्दैन । तथा मिति २०७५।५।१ गते भन्दा अघि भएको बाल विवाह तथा बहु विवाह भएको प्रमाणित भई आएमा दर्ता गर्न मिल्छ ।

ग. सम्बन्ध विच्छेदः

- बैवाहिक सम्बन्धको अन्त्य भएको अवस्थामा सम्बन्ध विच्छेद दर्ता गरिन्छ ।

२०. सम्बन्ध विच्छेद दर्ता गर्न के कस्ता कागजपत्र आवश्यक पर्दछन ।

- सूचना सहिछाप सहितको फाराम,
- सूचनाको नागरिकता प्रमाणपत्रको प्रतिलिपी,
- अदालतबाट सम्बन्ध विच्छेद भएको फैसलाको प्रतिलिपी,
- सम्बन्ध विच्छेदको सूचना अनुसूची १३ बमोजिम
- विदेशस्थित अदालतबाट भएको फैसलाको हकमा कुटनीतिक नियोगबाट प्रमाणित भएको अंग्रेजी भाषाको अनुवादलाई नोटरी पब्लिक वा कन्सुलरबाट प्रमाणीकरण गरेको सक्कल प्रति।

२१. सम्बन्ध विच्छेद दर्ता सूचक को को हुन्छन् ।

- राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण ऐन २०७६, को दफा १८ को उपदफा १ को खण्ड ग सम्बन्ध विच्छेदको सूचना सम्बन्ध विच्छेद भएको सम्बन्धित व्यक्तिमध्ये कुनै एकले,

२२. सम्बन्ध विच्छेद गरी आमासँग रहेका बच्चाको जन्म दर्ता आमाको स्थायी ठेगानामा गर्न मिल्छ या मिल्दैन ।

- राष्ट्रिय परिचयपत्र तथा पञ्जिकारण नियमावली २०७७ को नियम १६ को उपनियम ९ अनुसार बाबु आमाको सम्बन्ध भई आमाको स्थायी ठेगाना फरक भएका आमासँग रहने छोराछोरीको व्यक्तिगत घटना दर्ता गर्न आमाको स्थायी ठेगाना भएको स्थानिय पञ्जिकाधिकारीको कार्यालयमा सूचना दिन सकिनेछ । यसरी सूचना दिदाँ बाबु तर्फको स्थायी ठेगाना भएको स्थानिय पञ्जिकाधिकारीको कार्यालयबाट त्यस्तो व्यक्तिगत घटना दर्ता भए वा नभएको व्यहोरा बुझ्नु पर्नेछ ।
- अतः सम्बन्ध विच्छेद भई आमासँग रहेको बच्चाको जन्म दर्ता आमाको स्थायी ठेगानामा गर्न तपसिलको कागजात सहित पेश हुन आएमा दर्ता मिल्छ तर त्यसको निम्ति बाबुको स्थायी ठेगानामा जन्म दर्ता नभएको एकिन गर्नुपर्छ ।
  - सम्बन्ध विच्छेदको प्रमाणपत्र
  - आमा तथा बाबुको नागरिकता प्रमाणपत्र प्रतिलिपी

- बाबुको स्थायी ठेगानाबाट जन्म दर्ता नभएको प्रमाणित पत्र
- अनुसूची अनुसारको निवेदन

२३. पत्नि रहेको स्थायी ठेगानामा सम्बन्ध विच्छेद दर्ता गर्न मिल्छ वा मिल्दैन ।

- राष्ट्रिय परिचयपत्र तथा पञ्जिकारण नियमावलीको नियम १६ को उपनियम ६ अनुसार प्रचलित कानुन बमोजिम सम्बन्ध विच्छेद भएकी महिलाले व्यक्तिगत घटना दर्ता गर्न निजको हालको स्थायी ठेगाना भएको स्थानिय पञ्जिकिधकारीको कार्यालयमा सूचना दिन सक्नेछ । उपनियम ८ मा उपनियम ७ बमोजिम सूचना प्राप्त भएमा सम्बन्धित स्थानिय पञ्जिकाधिकारीको कार्यालयले त्यस्तो महिलाको पति तर्फको स्थायी ठेगाना भएको स्थानिय पञ्जिकाधिकारीको कार्यालयबाट व्यक्तिगत घटना दर्ताको विवरण माग गर्नु पर्नेछ ।
- अतः सम्बन्ध विच्छेद पश्चात पत्निक रहेको स्थायी ठेगानामा सम्बन्ध विच्छेद दर्ता गर्न तपसिलको कागजात सहित पेश हुन आएमा दर्ता गर्न मिल्छ  तर पति तर्फको स्थायी ठेगाना रहेको पञ्जिकाधिकारी कार्यलयमा सम्बन्ध विच्छेद दर्ता नभएको एकिन गर्नुपर्दछ ।
  - दुवैको नागरिकता प्रमाणपत्रको प्रतिलिपी
  - अदालतको निर्णयको प्रतिलिपी
  - अनुसूची अनुसारको निवेदन
  - पति तर्फको स्थायी ठेगाना भएको पञ्जिकाधिकारीको कार्यालयमा उक्त सम्बन्ध विच्छेद दर्ता नभएको प्रमाणित पत्र

२४. विदेशी अदालतबाट सम्बन्ध विच्छेद भएको आधारमा सम्बन्ध विच्छेद दर्ता गर्ने सम्बन्धमा भएको व्यवस्था

- राष्ट्रिय परिचयपत्र तथा पञ्जिकारण ऐन२०७६ को दफा १९ को उपदफा २ बमोजिम सम्बन्ध विच्छेदको सूचना दर्ता गर्दा सो सम्बन्धमा अदालतबाट भएको निर्णय समेत हेरी दर्ता गर्नु पर्नेछ भनिएको छ ।
- मुलुकी देवानी संहित २०७४ को भाग ६ निजी अन्तरराष्ट्रिय कानुन सम्बन्धी व्यवस्थाको दफा ७०६ मा विदेशमा भएको सम्बन्ध विच्छेदले मान्यता पाउने व्यवस्था अनुसार नेपाली नागरिकहरु बीच वा नेपाली नागरिक र विदेशी बीच विदेशमा सम्बन्ध विच्छेद भएकोमा सम्बन्ध विच्छेद भएको मुलुकको कानुन बमोजिम त्यस्तो सम्बन्ध विच्छेद भएको  रहेछ भने त्यस्तो सम्बन्ध विच्छेदले नेपालमा कानुन बमोजिम मान्यता पाउनेछ र त्यस्तो कार्यान्वयन हुन सक्नेछ । भनि उल्लेख गरिएको देखिन्छ ।
- राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण विभागको मिति २०७८।८।३ ,चं.नं. ८५४ को सम्बन्ध विच्छेद दर्ता सम्बन्धमा प्राप्त पत्रमा उल्लेखित व्यहोरा प्रस्तुत विषयमा राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण ऐन, २०७६ को दफा १९ मा (२ )बमोजिम सम्बन्ध विच्छेदको सूचना दर्ता गर्दा सो सम्बन्धमा अदालतबाट भएको निर्णय समेत हेरी गर्नु पर्नेछ भन्ने उल्लेख भएको छ । सो सम्बन्धमा नेपाली र नेपाली बीच वा नेपाली र विदेशी नागरिकको विदेशमा सोही मुलुकको कानुन बमोजिम सम्बन्ध विच्छेदको आधारमा नेपनलमा सम्बन्ध विच्छेद दर्ता गर्न सम्बन्धित व्यक्तिले स्थानिय पञ्जिकाधिकारीको कार्यालयमा निवेदन पेश गर्ने गरेको र सोही अनुसार तहाँबाट त्यस्ता प्रकारका सम्बन्ध विच्छेद दर्ता गर्न मिल्ने वा नमिल्ने सम्बन्धमा निर्देशन माग गरी विभागमा पत्रहरु आउने गरेका छन ।

  उल्लेखित सन्दर्भमा विदेशमा सम्बन्धित देशको कानुन बमोजिम हुने सम्बन्ध विच्छेदको नेपालको उल्लेखित कानुन बमोजिम सम्बन्ध विच्छेद दर्ता गर्न दुविधा देखिएमा मुलुकी देवानी संहिता २०७४ को दफा ७०६ बमोजिम अन्य मुलुकमा सोही देशको कानुन बमोजिम भएको सम्बन्ध विच्छेद प्रमाणपत्रलाई सम्बन्धित देशको नेपाली दुतावास वा नियोगबाट उक्त प्रमाणपत्रको आधिकारिकता प्रमाणित भई आएमा वा सम्बन्धित देशमा नेपाली दुतावास वा नियोग नभएमा नेपालको कन्सुलर सेवा विभागबाट प्रमाणपत्रको आधिकारिकता प्रमाणित भई आएमा कानुन बमोजिम सम्बन्ध विच्छेद दर्ता हुन मिति २०७८।८।२ को निर्णयानुसार अनुरोध छ ।

- अतः विदेशी अदालतबाट सम्बन्ध विच्छेद भएको आधारमा सम्बन्ध विच्छेद दर्ता हुन तपसिलको कागजात सहित आएमा दर्ता गर्नु मिल्नेदेखिन्छ ।
    - दुवैको नागरिकता प्रमाणपत्रको प्रतिलिपी
    - अनुसूची अनुसारको निवेदन
    - विदेशस्थित अदालतबाट भएको फैसलाको हकमा दुतावास वा कुटनीतिक नियोगबाट आधिकारिता प्रमाणित भएको अंग्रेजी भाषाको अनुवादलाई नोटरी पब्लिक वा कन्सुलरबाट प्रमाणीकरण गरेको सक्कल प्रति।

## घ. बसाईसराई दर्ताः

- राष्ट्रिय परिचयपत्र तथा पञ्जिकारण ऐन २०७६ को २ को खण्ड ञ अनुसार बसाईसराई भन्नाले नेपालभित्र एक स्थानिय तहाबाट अर्को स्थानिय तहको क्षेत्रमा वा एउटै स्थानिय तहको एक वडाबाट अर्को वडामा स्थायी रुपमा बसाईसार्ने काम सम्झानुपर्दछ र सो शब्दले विदेशमा बसाई सरी जाने वा विदेशबाट बसाई सरी नेपालमा आउने कार्य तथा एक सय असी दिन भन्दा बढी अवधिको लागी अस्थायी रुपमा बसाई सर्ने कार्य समेतलाई जनाउँछ ।
- यस्ता प्रकारको घटने घटनाहरुलाई स्थानिय पञ्जिकाधिकारीको कार्यालयमा गएर दर्ता गराउने कार्यलाई नै बसाईसराई दर्ता भनि सम्झनुपर्छ ।
- बसाई सराईले उदगाम स्थल तथा गन्तव्य स्थल दुवै ठाउँको जनसंख्याको वितरणमा प्रभाव परेको हुन्छ । त्यसैले दुवै स्थलमा नै सो बसाईसराई सम्बन्धि घटना अनिवार्य दर्ता गराउनु र सोको प्रमाण लिनु सबै नागरिकको कर्तव्य हुन आउछ ।

२५. बसाई सराई दर्ता गर्न आवश्यक कागजातहरु के के हुन

- बसाई सराई गरी जादाँ वा आउदाँ आवश्यक पर्ने कागजात देहाए अनुसार छन ।
    - जादाँ
        - सूचकको नागरिकताको प्रमाणपत्र,
        - १६ बर्ष मुनिका बालबालिकाको हकमा जन्म दर्ताको प्रमाणपत्र र १६ बर्ष भन्दा माथिको सदस्यको हकमा नागरिकता र नागरिकता नभएको जन्म दर्ताको प्रमाणपत्र
        - अनसूची १४ बमोजिमको लगत हस्तान्तरण फाराम
    - बसाईसराईको लगत हस्तान्तरण फाराम दिनु पूर्व स्थानिय पञ्जिकाधिकारीले परिवारका सम्पूर्ण सदस्यको हाल सम्मको सबै खाले घटना दर्ता गराउनु पर्दछ ।
    - आउदाँ
        - घरमुली वा सूचकको नागरिकता
        - लगत हस्तान्तरण फाराम ( हस्तालिखित लगत हस्तान्तरण फाराम भरेको भए सम्पूर्ण सदस्यहरुको नागरिकता वा नागरिकता नभए जन्म दर्ता को प्रतिलिपी )

२६. अनुसूची १४ बमोजिमको ढाचाँमा बसाईसराईको लगत हस्तान्तरण फाराम जारी भए पश्चत घटेका घटनाहरु दर्ता कहा गर्ने ।

- राष्ट्रिय परिचयपत्र तथा पञ्जिकारण नियमावली २०७७ को नियम १९ को उपनियम ३ मा अनुसूची १४ बमोजिम लगत हस्तान्तरण फाराम जारी भएपछि घटेका व्यक्तिगत घटना बसाई सरी आउने स्थानिय पञ्जिकाधिकारीको कार्यालयले दर्ता गर्नु पर्नेछ ।
- व्यक्ति बसाईसराई जादाँ स्थानिय पञ्जिकाधिकारीले बसाई सराई दर्ता गर्दा सम्बन्धित व्यक्तिको परिवारका सदस्यको व्यक्तिगत घटना दर्ता भए नभएको यकिन गर्ने नभएको भए सम्पूर्ण घटना दर्ता गरि त्यस पश्चत बसाईसराई दर्ता गरि लगत हस्तान्तरण फाराम जारी गर्ने ।
- लागत हस्तान्तरण फाराम जारी भए पश्चत घटेका सम्पूर्ण घटना दर्ता गर्ने कर्तव्य आउने स्थानको पञ्जिकाधिकारीको कार्यालयको हुनेछ ।

## ङ. मृत्यु दर्ताः

२७. मृत्युदर्ता गर्न आवश्यक कागजातहरुः

- मृतकको नागरिकताको प्रमाणपत्र वा जन्म दर्ताको प्रतिलिपी
- सूचकको सहिछाप सहितको अनुसूची ११ बमोजिम सूचना फाराम,
- सूचकको नागरिकताको प्रमाणपत्रको प्रतिलिपी,
- मृतक विदेशी भएमा सूचक र मृतकको राहदानी, प्रवेशाज्ञ तथा निज त्यस वडामा बसोबास गरिरहेको प्रमाण र सम्बन्धित मुलुकको नेपाल स्थित कुटनीतिक नियोगको सिफारिस
- स्वास्थ्य संस्थामा मृत्यु भएमा त्यस संस्थाको मृत्यु प्रतिवेदन वा प्रमाण आवश्यक पर्दछ ।
- नेपाली नागरिकको विदेशमा मृत्यु भएमा सम्बन्धित मुलुकस्थित नेपाली नियोगबाट प्रमाणित कागजात साथै आवश्यक भएमा सर्जमिन मुचुल्क वा अन्य आधिकारिक कागजात सहितको प्रमाणको आधारमा सूचकले पेश गरे अनुसार मृत्युदर्ता गर्न सकिने छ ।

२८. नेपालमा मृत्यु भएको विदेशी नागरिकको मृत्यु दर्ता सम्बन्धि व्यवस्थाः

- राष्ट्रिय परिचयपत्र तथा पञ्जिकारण ऐन २०७६ को दफा १९ को उपदफा ६ बमोजिम तपसिल अनुसारले प्रमाण सहित निज बासोबास गरि रहेको पञ्जिकाधिकारी समक्ष सूचन फाराम पेश हुन आएमा दर्ता गर्न मिल्छ ।
    - मृतकको राष्ट्रियता खुल्ने कागजात,
    - प्रहरी प्रतिवेदन,
    - अस्पातलमा मृत्यु भए सो को प्रतिवेदन
    - नेपाल स्थित सम्बन्धित विदेशी नियोगको प्रमाणित कागजात वा सिफारिस
    - आवश्यकता अनुसार अन्य कागजातहरु

२९. बेपत्ता भएको नागरिकको मृत्यु दर्ता गर्ने सम्बन्धि व्यवस्थाः

- मुलुकी देवानी संहिता २०७४ को दफा ४० को उपदफा ४ अनुसार कुनै व्यक्ति बिना सूचना बेपत्ता भएको वा कुनै विपद वा दर्घटनामा परेको ले निजको मृत्युको सम्बन्धमा न्यायिक घोषण गरी पाउँ भनि त्यस्तो व्यक्ति बेपत्ता भएको वा मृत्यु भएको मिति, ठेगाना, कारण र आधार सहित खुलाई सरोकारवाला व्यक्तिले निवेदन दिएमा अदालतले सबुत प्रमाण बुझी त्यस्तो व्यक्तिको सम्बन्धमा मृत्युको न्यायिक घोषणको आदेश गर्न सक्नेछ ।
- अतः राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण नियमावली २०७७ को नियम १७ को उपनियम ४ अनुसार बेपत्ता व्यक्तिको मृत्यु दर्ता गर्नुपर्दा तपसिलको कागजात पेश गर्नुपर्ने देखिन्छ ।
    - मृतकको नागरिकताको प्रमाणपत्र वा जन्म दर्ताको प्रतिलिपी
    - सूचकको सहिछाप सहितको अनुसूची ११ बमोजिम सूचना फाराम,
    - सूचकको नागरिकताको प्रमाणपत्रको प्रतिलिपी,
    - अदालतले त्यस्तो व्यक्तिको सम्बन्धमा मृत्युको न्यायिक घोषण गरेको आदेश वा निर्णयको प्रतिलिपी
    - आवश्यकता अनुसार प्रहरी प्रतिवेदन तथा अन्य कागजातहरु माग्न सक्नेछ ।

३०. व्यक्तिगत घटना व्यक्तिको स्थायी ठेगाना भन्दा फरक स्थानमा घटेमा त्यस्ता स्थानमा सो घटना दर्ता गर्न सकिने कि नसकिने हो ।

- राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण नियमावली २०७७ को नियम १६ को उपनियम ११ अनुसार व्यक्तिगत घटना स्थायी ठेगाना भन्दा फरक स्थानमा घटेको भए सम्बन्धित सूचकले त्यस्तो घटना घटेको स्थानको स्थानिय पञ्जिकाधिकारीको कार्यालयमा व्यक्तिगत घटना दर्ताको लागि सूचना दिन सक्नेछ । उपनियम १२ मा सूचना प्राप्त भएमा त्यस्तो स्थानिय पञ्जिकाधिकारीको कार्यालयले सम्बन्धित व्यक्तिको स्थायी ठेगाना भएको स्थानिय पञ्जिकाधिकारीको कार्यालयमा त्यस्तो व्यक्तिगत घटना दर्ता भए नभएको बुझी यकिन गर्नु पर्नेछ । त्यस्तै नियम १७ को उपनियम ५ मा नियम १६ को

उपनियम ११ बमोजिम सूचना दर्ता भई सो नियमको उपनियम १२ बमोजिम बुझ्दा सम्बन्धित व्यक्तको स्थायी ठेगाना भएको स्थानको स्थानिय पञ्जिकाधिकारीको कार्यालयमा त्यस्तो व्यक्तिगत घटना दर्ता नभएको यकिन भएमा सूचना प्राप्त भएको स्थानको स्थानिय पञ्जिकाधिकारीले सो व्यक्तिगत घटना दर्ता गरी सोको जानकारी सम्बन्धित व्यक्तिको स्थायी ठेगाना रहेको स्थानको स्थानिय पञ्जिकाधिकारीको कार्यालयमा पठाउनु पर्नेछ ।

- ➢ अतः व्यक्तिगत घटना व्यक्तिको स्थायी ठेगाना भन्दा फरक स्थानमा घटेमा त्यस्तो स्थानमा सो घटना दर्ता दर्ता गर्नको लागि अनुसूचीको साथमा तपसिलको कागजात संलग्न राखि गर्न सकिन्छ ।
  - सूचकको नागरिकताको प्रतिलिपी
  - घटना घटेको प्रमाणित गर्ने अधिकारी कागजात
  - सम्बन्धित व्यक्तिको स्थायी ठेगाना भएको पञ्जिकाधिकारीको कार्यालयमा त्यस्तो घटना दर्ता नभएको अधिकारी पत्र
  - आवश्यकता अनुसार अन्य कागजातहरु

३१. कसैले व्यक्तिगत घटना दर्ताको प्रमाणपत्र प्राप्तिको लागि झुट्टा विवरण पेश गरेर वा त्यसको लागि गलत वा झुट्टा कागजात तयार गरेर व्यक्तिगत घटना दर्ताको प्रमाणपत्र प्राप्त गरेको खण्डमा दण्ड सजाय सम्बन्ध भएको व्यवस्थाः

- ➢ राष्ट्रिय परिचयप तथा पञ्जिकरण ऐन २०७६ को ४१ दफा मा कसुर र सजाय सम्बन्धि व्यवस्था गरेको देखिन्छ ।
- ➢ सोही दफा को उपदफा ३ बमोजिम व्यक्तिगत घटना दर्ताको प्रमाणपत्र प्राप्तिको लागि झुट्टा विवरण पेश गरेर वा त्यसको लागि गलत वा झुट्टा कागजात तयार गरेर व्यक्तिगत घटना दर्ताको प्रमाणपत्र प्राप्त गरेको खण्डमा कसुर गर्ने व्यक्तिलाई दुई बर्ष देखि पाँच बर्ष सम्म कैद र बीस हजार रुपैया देखि पचास हजार रुपैया सम्म जरिवान हुनेछ ।

व्यक्तिगत घटना दर्ता सम्बन्धि थप जानकारीको लागि

राष्ट्रिय परिचयपत्र तथा पञ्जिकारण विभाग सियारी गाउँपालिका
सिंहदरवार, काठमाडौं सामाजिक सुरक्षा तथा पञ्जिकारण इकाई
सम्पर्क नं। ०१४२०००१६ ९८५७०३८५२५, ९८०४४३९८६६
Email:vital@donidcr.gov.np panjikaran.siyarimun@gmail.com
Website;www.donidcr.gov.np facebookpage:panjikaran@siyari